## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प्रशासन महाशाखा, सानोठिमी, भक्तपुरको परीक्षा तालिका प्रकाशित गरिएको सूचना !

**(प्रथम पटक प्रकाशितमिति २०७९।०५।२३ गते )**

शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतकादकार्यालय/शिक्षालयहरुमा अर्को निर्णय नभएसम्म हाललाई २०८० असार मसान्तसम्मको लागि प्राविधिक/प्रशिक्षण तथा प्रशासन र लेखातर्फ व्यक्ति सेवा करारमा लिनका लागि मिति २०७९।०३।०८ गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम विद्युतीय माध्यमबाट दरखास्त दिएका उम्मेदवारहरुको लिखित परीक्षा तपसिल अनुसार हुने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षा केन्द सम्बन्धी विस्तृत विवरण पछि प्रकाशित गरिने व्यहोरा समेत जानकारी गराईन्छ । साथै विस्तृत जानकारी परिषद् कार्यालयको वेवसाइट www.ctevt.org.np मा राखिएको छ ।

**तपसिल**

| क्र.सं. | पद, श्रेणी | मिति | समय |
|---|---|---|---|
| १. | अधिकृतस्तर तृतीय श्रेणी प्राविधिकतर्फका सबै | २०६९।०६।२७ | विहान ८:०० बजे |
| २. | प्रशासकिय सहायक सहायकस्तर प्रथम श्रेणी | २०६९।०६।२७ | विहान ८:०० बजे |
| ३. | सहायकस्तर प्रथम श्रेणीका प्राविधिकतर्फका सबै | २०६९।०६।२७ | दिउँसो ३:०० बजे |
| ४. | सहायकस्तर द्धितीय श्रेणीका प्राविधिक तर्फका सबै | २०६९।०६।२८ | विहान ८:०० बजे |
| ५. | सहायकस्तर प्रथम श्रेणी प्रशासन लेखापालको सबै | २०६९।०६।२८ | विहान ८:०० बजे |
| ६. | सहायकस्तर द्धितीय श्रेणी प्रशासन कार्यालय सहायक सबै | २०६९।०६।२८ | दिउँसो ३:०० बजे |

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर**

## सेवा करारको परीक्षा केन्द्र निर्धारण सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्राविधिक शिक्षा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयबाट मिति २०७९।०३।०८ र २०७९।०३।१२ गते प्रकाशित सूचना बमोजिम परिषद कार्यालयको वेवसाइटमा राखिएको अधिकृतस्तर तृतीय श्रेणी प्राविधिक र सहायकस्तर प्रथम श्रेणी प्राविधिक तथा प्रशासन र सहायकस्तर द्धितीय श्रेणीको प्राविधिक तथा प्रशासन सेवाका पदहरुमा सेवा करारमा लिनको लागि प्रदेश अन्तर्गतका आंगिक शिक्षालयहरुमा विद्युतीय माध्यमबाट आवेदन फाराम भरेका उम्मेदवारहरुको तपसील बमोजिमको मिति, समय र स्थानमा परीक्षा संचालनको लागि परीक्षा केन्द्र निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अधिकृतस्तर तृतीय श्रेणी, सहायकस्तर प्रथम र द्धितीय श्रेणीका प्राविधिकतर्फका सम्पूर्ण पदहरुको लागि सेवा सम्बन्धी विषयको बस्तुगत बहुउत्तरको ५० प्रश्न x २ अंक =१०० पूर्णांकको प्रश्न सोधिनेछ भने सहायकस्तर प्रथम श्रेणीको प्रशासनतर्फका प्रशासकीय सहायक, लेखापाल र सहायकस्तर द्धितीय श्रेणीका कार्यालय सहायक पदको लागि सामान्य ज्ञान, सामाजिक अध्ययन र सेवा सम्बन्धी विषयबाट बस्तुगत बहुउत्तर ५० प्रश्न x २ अंक =१०० पूर्णांकको प्रश्नहरु सोधिने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

परीक्षा केन्द्र

| सि.नं | कार्यालय/शिक्षालय | परीक्षा केन्द्र | मिति र समय |
|---|---|---|---|
| १ | परिषद्को प्रदेश नम्बर एक अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका अधिकृतस्तर तृतीय श्रेणी, सहायकस्तर प्रथम श्रेणी र सहायकस्तर द्धितीय श्रेणीका प्राविधिक तथा प्रशासनतर्फका सम्पूर्ण उम्मेदवारहरु | राष्ट्रिय माध्यमिक विद्यालय, हासपोसा, इटहरी, सुनसरी | २०७९ साल असोज २७ र २८ गते बिहान ८ बजे र दिउँसो ३ बजे । |
| २ | परिषद्को मधेश प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका अधिकृतस्तर तृतीय श्रेणी, सहायकस्तर प्रथम श्रेणी र सहायकस्तर द्धितीय श्रेणीका प्राविधिक तथा प्रशासनतर्फका सम्पूर्ण उम्मेदवारहरु | बिपी स्मृति बहुप्राविधिक शिक्षालय, सपही, धनुषा । | २०७९ साल असोज २७ र २८ गते बिहान ८ बजे र दिउँसो ३ बजे । |
| ३ | परिषद्को बागमती प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका अधिकृतस्तर तृतीय श्रेणी, सहायकस्तर प्रथम श्रेणी र सहायकस्तर द्धितीय श्रेणीका प्राविधिक तथा प्रशासनतर्फका सम्पूर्ण उम्मेदवारहरु | बालाजु स्कूल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौं । | २०७९ साल असोज २७ र २८ गते बिहान ८ बजे र दिउँसो ३ बजे । |
| ४ | परिषद्को गण्डकी अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका अधिकृतस्तर तृतीय श्रेणी, सहायकस्तर प्रथम श्रेणी र सहायकस्तर द्धितीय श्रेणीका प्राविधिक तथा प्रशासनतर्फका सम्पूर्ण उम्मेदवारहरु | अमरसिंह माध्यमिक बिद्यालय, अमरसिंहचोक, पोखरा, कास्की । | २०७९ साल असोज २७ र २८ गते बिहान ८ बजे र दिउँसो ३ बजे । |
| ५ | परिषद्को लुम्बिनी प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका अधिकृतस्तर तृतीय श्रेणी, सहायकस्तर प्रथम श्रेणी र सहायकस्तर द्धितीय श्रेणीका प्राविधिक तथा प्रशासनतर्फका सम्पूर्ण उम्मेदवारहरु | कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर रुपन्देही । | २०७९ साल असोज २७ र २८ गते बिहान ८ बजे र दिउँसो ३ बजे । |
| ६ | परिषद्को कर्णाली प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका अधिकृतस्तर तृतीय श्रेणी, सहायकस्तर प्रथम श्रेणी र सहायकस्तर द्धितीय श्रेणीका प्राविधिक तथा प्रशासनतर्फका सम्पूर्ण उम्मेदवारहरु | श्रीकृष्ण संस्कृत तथा साधारण माध्यमिक बिद्यालय, इतराम, बिरेन्द्रनगर, सुर्खेत । | २०७९ साल असोज २७ र २८ गते बिहान ८ बजे र दिउँसो ३ बजे । |
| ७ | परिषद्को सुदुरपश्चिम प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका अधिकृतस्तर तृतीय श्रेणी, सहायकस्तर प्रथम श्रेणी र सहायकस्तर द्धितीय श्रेणीका प्राविधिक तथा प्रशासनतर्फका सम्पूर्ण उम्मेदवारहरु | श्री सरस्वती माध्यमिक बिद्यालय, मनिहरा धनगढी, कैलाली । | २०७९ साल असोज २७ र २८ गते बिहान ८ बजे र दिउँसो ३ बजे । |